का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १८, अंक १३४
१ साउन २०७७, बिहीबार
16 July 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: बुधवार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १७१७७ जना | ११०२५ जना | २९८८२९ | ६११३ | ३९ जना |


स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ३५ लाख ३० हजार | ७९ लाख २ हजार | ५ लाख ८२ हजार | ५० लाख ४५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# पिरलो पहिरोकै

**अघिल्लो वर्षहरू जस्तै यसपटक पनि मनसुन पछाडि आएको प्रकोपबाट ठूलो मानवीय क्षति पुगेको छ । पहिरो, बाढी र चट्याङबाट १५१ जनाको मृत्यु, ४९ जना बेपत्ता र २४८ जना घाइते भएका छन् । पहिरोबाट मात्रै ९९ जनाको मृत्यु भएको गृह मन्त्रालयले जनाएको छ ।**






*तनहुँको व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) बाट खटिएका नेपाली सेना व्यास नगरपालिका-९ माझफाँटमा सोमबार पहिरोमा पुरिएर बेपत्ता भएकाको खोजी गर्दै । तस्वीर : कृष्ण न्यौपाने*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ असार ।

यो वर्षको मनसुन शुरु भएको वैशाख देखि असार ३१ गतेसम्म देशभर पहिरो, बाढी र चट्याङबाट १५१ जनाको मृत्यु भएको छ । सवैभन्दा बढी पहिरोबाट मृत्यु भएको छ । तीन महिनाको अवधिमा पहिरोबाट १५१ जनाको मृत्यु भएको छ । बुधबार मात्रै सात जिल्लामा पहिरो जाँदा तीन करोड ६९ लाख बराबरको क्षति भएको गृह मन्त्रालयले जनाएको छ ।

तीन महिनाको अवधिमा पहिरोबाट ४३ जना बेपत्ता भएका छन् भने ८४ जना घाइते भएका छन् । पहिरोबाट सिन्धुपाल्चोक, संखुवासभा, म्याग्दी लगायत जिल्लामा बढी क्षति पुगेको छ । संखुवासभामा संखुवासभाको उत्तरी क्षेत्रमा रहेको सिलिचोङ गाउँपालिका-१ को बेसिन्दागाउँमा लगातार परेको वर्षाका कारण नौ घर पहिरोले बगाएर हराइरहेका ११ जनाको खोजी कार्य जारी छ । खोजी कार्यमा संलग्न मदन राईको हृदयाघातका कारण मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

गृह मन्त्रालयको हेलिकोप्टरको सहायतामा प्रदेश नं १ सरकारले पहिरोको चपेटामा परेका बेसिन्दागाउँका ८२ घरका ३४९ जनालाई कम्बल, टेन्ट, म्याट्रेस, खाद्यान्नका सामग्री दाल, चामल, तेल, नुनलगायतका सामग्रीहरु पहिलोपल्ट उपलब्ध गराएको छ भने थप सामग्री लैजाने तयारीमा रहेको संखुवासभाका प्रमुख जिल्ला अधिकारी जीवनप्रसाद आचार्यले जानकारी दिए ।

आचार्यका अनुसार तीन दिनअघि गएको पहिरोमा बेपत्ता भएका ११ जनाको खोजीका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीसहित स्थानीय सरकार र स्थानीय बासिन्दाको सक्रियतामा खोजी कार्य जारी राखिएको छ । संखुवासभाकै जस्तो अवस्था सिन्धुपाल्चोकमा पनि छ । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-५ जम्बु र भोटेकोशी गाउँपालिका-५ बुलकोटेमा गत बुधबार राति आएको बाढीपहिरोमा तीन जनाको मृत्यु भएको छ ।

बेपत्ता २० जनाको खोजीकार्य जारी रहे पनि अहिलेसम्म फेला पार्न नसकिएको हुँदा भोटेकोशीले बगाएको आशङ्का हुन थालेको छ । चार दिनदेखि मंगलबारसम्म स्काभेटर लगाएर खोजीकार्य जारी राखे पनि बेपत्ताको शव भेटिने सम्भावना ज्यादै न्यून बाँकी पृष्ठ २ मा

### संसदीय समितिको चासो

# उपप्रधानमन्त्री नै कठघरामा

**विश्वव्यापी महामारीका कारण मुलुक थिलथिलो भइरहँदा संसदको सार्वजनिक लेखा समितिले स्वास्थ्य सामग्री खरीद प्रक्रियामा अनियमितता भएको आशंकामा उपप्रधानमन्त्री ईश्वर पाखरेललाई नै जवाफका लागि बोलाउने तयारी गरेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार ।

विश्वव्यापी कोभिड महामारीका कारण मुलुक त्रसित छन् । गएको चैत ११ गते देखि लकडाउन जारी गरिएकाले नेपालको अर्थतन्त्र चौपट बनेका छन् । साना उद्योगहरु बन्द प्राय छन् भने यसको मार ज्यालादारी मजदुरी गर्ने वर्गमा धेरै परेको छ ।

कोभिड महामारीका कारण अर्थतन्त्रमा आएको संकटले नेपालका ठूला मिडिया हाउसहरुले धमाधम कर्मचारी कटौती गरिरहेका छन् । वर्षौं पत्रकारिता गरेकाहरु अहिले बेरोजगार बनेका छन् । अर्का तर्फ नेपालमा महामारीको संख्या पनि बढिरहेको छ । बुधबार मात्रै नेपालमा ११६ जनामा संक्रमण पुष्टि भएको छ । देशभरका २५ प्रयोगशालामा गरिएको पीसीआर परीक्षणबाट ११६ जनामा संक्रमण पुष्टि भएको छ ।



*संघीय संसद प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको मंगलबार सिंहदरबारमा बसेको बैठक । तस्वीर : रोशन सापकोटा/रासस*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, बुधबार थपिएको सँगै नेपालमा संक्रमित संख्या १७ हजार १७७ जना पुगेको छ । गएको २४ घण्टामा ६९७ जना निको भएर घर फर्किएका छन् । यो सँगै नेपालमा निको भएर घर फर्कनेको संख्या एघार हजार २५ पुगेको छ । अर्थात्, संक्रमित मध्ये ६४ प्रतिशत संक्रमित निको भएका छन् ।

गएको २४ घण्टामा ५ हजार ९० जनाको पीसीआर परीक्षण भएको थियो । अहिलेसम्म नेपालमा २ लाख ९८ हजार ८२९ जनामा पीसीआर परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । क्वारेन्टिन बस्नेको संख्या भने घटेर २४ हजार ५२७ मा झरेको छ । कुनैबेला नेपालमा क्वारेन्टिनमा बस्नेको संख्या एक लाख ७० हजार पुगेको थियो । अझै ६ हजार ११३ जना आइसोलेसनमा छन् । बुधबार एक जनाको मृत्यु भएपछि मृतक संख्या ३९ जना पुगेको छ ।

तर, महामारी नियन्त्रणका लागि बनेको सरकारी संयन्त्र शुरुबाटै विवादित बन्दै आएको छ । मंगलबार भने महामारी नियन्त्रण गर्न बनेको कोरोना महामारी रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिका संयोजक एवम् उपप्रधानमन्त्री ईश्वर पोखरेल माथि प्रश्न उठाइएको छ । विशेषगरी स्वास्थ्य सामग्री खरीद प्रक्रियामा अनियमितता भएको विषयमा छलफल गर्न उपप्रधानमन्त्री पोखरेललाई बोलाउने तयारी गरेको छ ।

समितिका सदस्यहरुले प्रश्न उठाए पछि पोखरेललाई संसदको सार्वजनिक लेखा समितिले उपप्रधानमन्त्री पोखरेललाई बोलाउने भएको समितिले जनाएको छ । समितिमा स्वास्थ्य सामग्री खरीद प्रक्रियामा अनियमितता भएकोबारे छलफल भइरहेको छ । तर, कहिले बोलाउने बाँकी पृष्ठ २ मा

# समस्या बीच सञ्चालन



*बागलुङ बजारदेखि घोडा बाँधे खण्डको काठेखोला गाउँपालिका-१ स्थित खहरेखोला नजिकै हिलोमा गुड्दै गरेको सवारी साधन । तस्वीर : खेमराज गौतम*

**काठमाडौं/रासस-** यातायात व्यवसायी र मजदूरले सो क्षेत्रमा देखिएको समस्या तत्काल समाधान गरिदिन आग्रह गरेका छन् । यातायात क्षेत्रको विद्यमान समस्या समाधान गर्नका लागि निर्माण गरिएको कार्यदललेसंसद्को प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेर यातायात क्षेत्रको विद्यमान समस्या समाधानका लागि भूमिका निर्वाह गरिदिन आग्रह गरेका हुन् ।

व्यवसायी तथा मजदूरले बैंक तथा वित्तीय संस्थाको किस्ता स्थगन गर्नुपर्ने, पुनःकर्जाको व्यवस्था गर्नुपर्ने, कागजात नवीकरणलाई सहज बनाउनुपर्ने, श्रमिकलाई नियमित निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गर्नुपर्ने, कोरोना बीमामा सरकार र व्यवसायीको ५० प्रतिशत योगदान हुनुपर्ने, मजदूरलाई स्वास्थ्य सामग्री तथा पिपिइको व्यवस्था मिलाउन माग गरेका छन् ।

यातायात क्षेत्रको विद्यमान समस्या समाधानका लागि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष, नेपाल यातायात मजदूर सङ्घका अध्यक्ष, अखिल नेपाल यातायात मजदूर सङ्घका अध्यक्ष र नेपाल यातायात स्वतन्त्र मजदूर सङ्गठनका अध्यक्ष सम्मिलित कार्यदल स्थापना गरिएको छ ।

भेटमा सभापति देउवाले यातायात क्षेत्रको विद्यमान समस्या समाधानका लागि प्रतिपक्षमा रहेर रचनात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको बाँकी पृष्ठ २ मा

### वार्षिक सय कामदार पठाउन नसकेका म्यानपावर

# एक पटकका लागि नवीकरण गर्ने निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

सरकारले वार्षिक एक सय कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको पनि ईजाजतपत्र एक पटकलाई नवीकरण गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्तावमा उक्त निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को बाधा अड्काउ फुकाउने दफा ८२ प्रयोग गरी सबै म्यानपावर कम्पनीहरुका लागि ईजाजतपत्र नवीकरण हुने गरी निर्णय गरेको मन्त्रिपरिषद् श्रोतले जानकारी दियो । यस सम्बन्धी फाइल बुधबार नै श्रम मन्त्रालय पठाइएको छ ।

निर्णयमा यसअघि सार्वजनिक भएजस्तै लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका ईजाजतपत्र प्राप्त संस्था आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउन आएमा नियमानुसार नवीकरण गरिदिने निर्णय भएको श्रोतले जानकारी दियो ।

यस वर्ष बाधा अड्काउ आदेशका आधारमा नवीकरण भएका ईजाजतपत्र प्राप्त संस्थाले आथिर्क वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा भने ऐनमा भएको व्यवस्था अनुसार कामदार पठाएको हुनुपर्ने व्यवस्था कायम राखिएको बताइएको छ ।

मन्त्रिपरिषद्को यो निर्णयले वैदेशिक रोजगार ऐन अनुसार तीन आर्थिक वर्षका लागि एकै पटक नवीकरण गराउन चाहने म्यानपावर कम्पनीहरुले चालु आर्थिक वर्षको असार मसान्तसम्म कम्तीमा दुई सय कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने देखाएको छ ।

त्यसैगरी मन्त्रिपरिषद्ले विदेशमा कानूनी समस्यामा परेका कामदारहरुलाई मुद्दा पूर्पक्षका लागि आर्थिक सहायता पठाउने निर्णय समेत गरेको छ । मन्त्रिपरिषद्को बाधा अड्काउ फुकाउ ओदशको निर्णय सरकारका प्रवक्ताले बिहीबार साँझसम्म सार्वजनिक गर्ने आँकलन गरिएको छ । मन्त्रिपरिषद्को यो निर्णय नेपाल राजपत्रमा सूचना प्रकाशन भएपछि मात्र कार्यान्वयनमा आउने छ ।

श्रम, रोजगार बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ४ लाख धरौटी थपेर १४६ अभिमुखीकरण संस्था नवीकरण

काठमाडौं/मस- वैदेशिक रोजगार (पाँचौं संशोधन) नियमावली २०७६ ले तोकेको ४ लाख धरौटी थप र नवीकरण वापतको दश हजार दस्तुर बुझाइ १ सय ४६ वटा अभिमुखीकरण संस्था नवीकरण भएका छन् । नेपाल अभिमुखीकरण व्यवसायी महासंघले गत आर्थिक वर्षलाई विपद्को समय मानेर अभिमुखीकरण संस्थाहरुले राख्नुपर्ने धरौटीको समय एक वर्ष थप गरी स्वतः नवीकरण हुने व्यवस्था गरी राहत प्रदान गर्न सरकारसँग माग गर्दै आएको थियो ।

तर संस्था नवीकरणको अन्तिम दिन बुधबारसम्म पनि सरकारका तर्फबाट नियमावली संशोधन नभएपछि व्यवसायीहरु प्रत्येकले थप ४ लाख रुपैयाँ धरौटी र दश हजार रुपैयाँ नवीकरण दस्तुर बुझाएर नवीकरण गरेका हुन् ।

महासंघका अध्यक्ष राजाराम गौतमले कोभिडको कारण कार्यालय बन्द गर्नुपर्ने प्रतिकुल अवस्था आएपछि बाँकी पृष्ठ २ मा

## साउदीले थप्यो भिसाको अवधि

काठमाडौं/मस- साउदी अरबले म्याद सकिएका आवासीय भिसाको समय तीन महिना थपिदिएको छ । यसले आवासीय भिसाको म्याद समाप्त भएका कामदार साउदी अरबमा गैरकानुनी हैसियतको हुनबाट जोगिएका छन् ।

साउदी अरबले विदेशी कामदारको भिसाको म्याद स्वतः तीन महिना थप गर्ने निर्णय गरेको छ । साउदी अरबको राहदानी विभागका अनुसार अब कामदार वा रोजगारदाताले थप शुल्क नबुझाई कुनै पनि भिसाको समय थप हुने छ । त्यसका लागि राहदानी विभागमा गई निवेदन समेत दिनुनपर्ने व्यवस्था गरिएको छ । यसले साउदी अरबमा रहेका र घर विदामा नेपाल आएका कामदारहरुलाई राहत हुने छ । बाँकी पृष्ठ २ मा

हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ । मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साह चाहिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## कांग्रेसको धारणा

# 'प्रधानमन्त्रीको दायित्व एकातर्फ, व्यवहार अर्कातर्फ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीको दायित्व एकातर्फ, व्यवहार अर्कातर्फ हुनु देशका लागि दुर्भाग्य भएको जनाएको छ। बुधबार एक विज्ञप्ति प्रकाशित गर्दै कांग्रेसले प्रधानमन्त्रीले संवेदनशील विषयमा असंवेदनशील व्यवहार प्रस्तुत गरेको जनाएको हो।



कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माद्वारा जारी विज्ञप्तिमा असंवेदनशील व्यवहारका कारण प्रधानमन्त्रीले शासन गर्ने नैतिक र राजनैतिक आधार गुमाएको थप पुष्टि हुने उल्लेख गरिएको छ। देशको प्रधानमन्त्रीका अभिव्यक्तिहरुले नेपाल देश र सम्बन्धित दलको प्रतिनिधित्व गर्दैनन् भने प्रधानमन्त्री पद ब्यक्तिको जमिन्दारी कि देशको जिम्मेवारी भनेर कांग्रेसले सरकारसँग प्रश्न सोधेको छ।

'प्रतिपक्षी दलका तर्फबाट सार्वजनिक प्रश्न गर्नु हाम्रो कर्तब्य भएको छ। देशको प्रधानमन्त्रीका अभिव्यक्तिहरुले नेपाल देश र सम्बन्धित दलको प्रतिनिधित्व गर्दैनन् भने प्रधानमन्त्री पद ब्यक्तिको जमिन्दारी कि देशको जिम्मेवारी ?,' विज्ञप्तिमा भनिएको छ।

कांग्रेसले सर्वसम्मतीले नक्सा पारित भएपछि कूटनीतिक माध्यमबाट जमिनमाथिको हक स्थापना गर्नुपर्ने बेलामा प्रधानमन्त्रीले अपरिपक्व टिप्पणी गरेको भन्दै आलोचना समेत गरेको छ। नक्सा अनुरुपको जमिनमा हक स्थापित गर्न गम्भीर कुटनैतिक पहलकदमी भन्दा अयोध्याबारे विवादास्पद मत व्यक्त गर्नुको अर्थ विषयको गम्भीरताप्रति प्रधानमन्त्री गम्भीर छैनन् भन्ने पुष्टि भएको कांग्रेसको भनाइ छ। प्रधानमन्त्रीले नक्सालाई सत्ता राजनीतिको ब्यक्तिगत हतियारका रूपमा उपयोग गरेको कांग्रेसको दावी छ।

'नक्सा अनुरुपको जमिनमा हक स्थापित गर्न गम्भीर कुटनैतिक पहलकदमी भन्दा अयोध्याबारे विवादास्पद मत व्यक्त गर्नुको अर्थ बिषयको गम्भीरताप्रति प्रधानमन्त्री गम्भीर हुनुहुन्न् भन्ने पुष्टि त भएको छ नै अपरिपक्व टिप्पणी मार्फत उहाँले संवेदनशील बिषयमा असंवेदनशील ब्यवहार प्रस्तुत गर्नु भएको छ,' विज्ञप्तिमा भनिएको छ।


कांग्रेसले बाढी-पहिरो, कोरोना महामारी लगायतका विषयमा गम्भिरता देखाउन पनि माग गरेको छ। 'बाढी-पहिरोमा कयौंको मृत्यु भएको बेला देशको प्रधानमन्त्रीको दायित्व के हुन्छ र के हुनुपर्दछ ? केवल समवेदनाको एक वक्तव्य ?', विज्ञप्तिमा भनिएको छ, 'कोरोना महामारीका बेला देशको प्रधानमन्त्रीको दायित्व के हुन्छ कयौंको मृत्यु र हजारौं संक्रमित भएको विवरण बहिखातामा सारेर बस्ने तर समय सदुपयोग गरेर युद्धस्तरमा तयारी नगर्ने ?'

प्रधानमन्त्री ओलीले भगवान राम र अयोध्याबारे दिएको अभिव्यक्ति नेपाल र भारतमासमेत विवादित बनेपछि प्रतिपक्षी कांग्रेसको औपचारिक धारणा सार्वजनिक भएको हो।

## निजी विद्यालय सञ्चालकको निर्णय

# अनलाइन कक्षा बन्द, शिक्षकलाई बेतलवी विदा

**काठमाडौं/मस-** आफूहरुको माग पूरा गर्नेतर्फ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय गम्भीर नबनेको आरोप लगाउँदै निजी स्कुल सञ्चालकले बिहीबार (आज)देखि अनलाइन, रेडियो र टेलिभिजनबाट भइरहेको पठनपाठन बन्द गर्ने निर्णय गरेका छन्। निजी स्कुल सञ्चालकहरुको दुई छाता संस्था प्याब्सन र एनप्याब्सनले बुधबार संयुक्त बैठक बसेर यस्तो निर्णय गरेका हुन्।



साउन एक गतेदेखि नै लागू हुने गरी उनीहरुले सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई बेतलबी बिदा दिने निर्णय पनि गरेका छन्। उनीहरुले तत्काल पढाई सञ्चालन गर्न नसके पनि साउन एक गतेदेखि विद्यालय खोल्ने र विद्यार्थीको रजिष्ट्रेसन गर्नेलगायतका प्रशासनिक काम गर्न पाउनुपर्ने माग सरकार समक्ष राखेका थिए।

साथै कोरोना संक्रमणका कारण समस्यामा परेका स्कुललाई ऋण दिनुपर्ने तथा अनलाइन माध्यमबाट भइरहेको पढाइलाई औपचारिकता दिएर विद्यार्थीबाट निश्चित शुल्क उठाउन पाउनुपर्ने माग पनि उनीहरुको थियो। त्यसमा सरकारसँग सहमति जुट्न नसकेपछि निजी विद्यालयले अनलाइन शिक्षा बन्द गर्ने घोषणा गरेका हुन्।

कोरोनाका कारण निजी स्कुलहरुमा चरम आर्थिक संकटमा परेको उनीहरुको गुनासो छ। शैक्षिक गतिविधि सञ्चालन गर्न नपाउँदा शिक्षक कर्मचारीलाई तलब खुवाउन नसकेको, ऋणको ब्याज तथा किस्ता तिर्न नसकेको, घर भाडा तिर्न नसकेको लगायतका समस्या आफूहरुले व्यहोर्नु परेको विद्यालय सञ्चालकको भनाइ छ।

'घरभाडा, बैंकको किस्ता तथा ब्याज, बीमा, टेलिफोन, बिजुली, इन्टरनेट इत्यादि खर्च धान्न नसक्ने गरि विद्यालयहरुको आर्थिक अवस्था जर्जर रहेको छ', विज्ञप्तिमा उल्लेख छ। विद्यालय शिक्षामा आफूहरुको ३० प्रतिशत हिस्सा ओगटेको उनीहरुको दाबी छ। मुलुकभरका ६ हजार निजी विद्यालयम दुई लाख ५० हजार शिक्षक कर्मचारी कार्यरत रहेका छन्।

'तसर्थ २०७७ श्रावण १ गतेदेखि सबै वैकल्पिक शिक्षण सिकाइका क्रियाकलापहरु स्थगन गरि आफ्ना शिक्षक-कर्मचारीहरुलाई बेतलवी घर विदा दिने अप्रिय निर्णय गर्न बाध्य भएका छौं', दुवै संगठनले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। त्यस्तै कर्मचारीहरुको तलब विद्यालय खुलेपछिमात्रै भुक्तानी गर्ने पनि विद्यालय सञ्चालकहरुको भनाइ छ।

यसअघि निजी विद्यालय सञ्चालकहरुले गत आषाढ ७ गते अपील जारी गर्दै यस शैक्षिक सत्रमा ११ महिनाको मात्र मासिक शुल्क क्रमशः भुक्तानी गर्दै जाने, सेवा उपलब्ध नगराएको शीर्षकमा लकडाउन अवधिभर शुल्क तिर्नु नपर्ने, विद्यालयहरुले नियमित अनलाइन कक्षा सञ्चालन गर्ने जनाएका थिए। तर असार ८ गते शिक्षा मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै अनलाइन कक्षा सञ्चालन गर्दा शुल्क लिन नपाउने निर्देशन जारी गरेको थियो।

# रुकुम घटना : थप चार जना कारागार चलान



**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ३१ असार

जिल्लाको चौरजहारी नगरपालिका वडा नम्बर ८, सोती हत्याकाण्डमा फरार रहेका थप चार जना अभियुक्तलाई पूर्पक्षका लागि थुनामा राख्न अदालतले आदेश दिएको छ। जिल्ला अदालत रुकुम पश्चिमले मंगलबार लिएको अभियुक्तको बयान र बादी प्रतिवादीका वकिलहरुको थुनछेक बहसपछि भएको आदेशमा प्रतिबादीहरुलाई थुनामा राख्ने आदेश भएको हो। थुनचेक बयानपछि उनीहरुलाई कारगार चलान गरिएको छ।

कारागार चलान हुनेहरुमा चौरजहारी नगरपालिका ८ का सौरभ पुन, तुलराम घर्ती, डिल्ली घर्ती र लोकेन्द्र घर्ती रहेका छन्। फरार सूचीमा रहेका पाँच जनामध्ये अर्का एकजना भिम बहादुर घर्ती असार २८ गते आफैं अदालतमा हाजिर भएका थिए। उनको बयान र वकिलहरुको बहसपछि थुनामा राख्न आदेश दिइएको जिल्ला अदालत रुकुम पश्चिमले जनाएको छ।

थप पाँच जना अभियुक्त थपिएसँगै सोती घटनामा कारागार चलान हुनेको संख्या ३० पुगेको छ। मंगलबार मात्रै सोती घटनाबारे संसदीय छानबिन समितिले सभामुख अग्नि सापकोटालाई प्रतिवेदन बुझाएको छ।

# मुसिकोटका क्वारेन्टिन भए खाली

रुकुम पश्चिम/मस- रुकुम पश्चिमको मुसिकोट नगरपालिकाले सञ्चालनमा ल्याएका सबै क्वारेन्टिन खाली भएका छन्। क्वारेन्टिनबाट घर फर्कनेको संख्या बढ्न थालेपछि नगरपालिकाभित्र रहेका १४ वटै वडाका क्वारेन्टिन खाली भएको नगरपालिकाले जनाएको छ।

नगरपालिका प्रवेशमा नयाँ मानिस नथपिएको र बसेका व्यक्तिहरुको अवधि पूरा भएपछि क्वारेन्टाइन खाली भएका हुन्। मुलुकभरि जारी लकडाउनका कारण भारत र अन्य मुलुकबाट आउने क्रम रोकिएसँगै यहाँका क्वारेन्टिनहरु खाली हुँदै गएको नगर प्रमुख देबिलाल गौतम बताउँछन्।

मुसिकोट नगरपालिकाको १४ वटा वडाका विभिन्न ठाउँमा रहेका क्वारेन्टिनमा बस्नेहरुलाई १४ दिन अनिवार्य पूरा गरी घर पठाइएको नगरपालिकाका सूचना अधिकारी कुबेर केसीले मध्यान्हलाई जानकारी दिए। हालसम्म नगरपालिका भित्र ९ सय ४८ जना क्वारेन्टिनमा बसेकामध्ये ७ सय ८५ जना पुरुष र १ सय ६३ जना महिला रहेको केसीले बताए।

नगरपालिकाका अनुसार हालसम्म ३ सय ८४ जनाको आरडीटी र ५ सय ६४ जनाको पिसिआर बिधिबाट कोरोना परीक्षण गरिएको थियो। जसमध्ये गत असार ५ गते वडा नम्बर १२ का ३३ वर्षीय एक पुरुषमा कोरोना संक्रमण पुष्टि भएको थियो। आइसोलेसनमा उपचार पछि ती पुरुषको दोस्रोपटकको रिपोर्ट नेगेटिभ आएपछि उनी घर फर्किएका थिए। अहिलेडसम्म नगरपालिका भित्र कसैलाई पनि कोरोना संक्रमण देखिएको छैन।

# पत्रकार आपतकालीन राहत कोष स्थापना गर्ने महासंघको निर्णय

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले केन्द्रीय समिति मातहत रहनेगरी पत्रकार आपतकालीन राहत कोष स्थापना गर्ने निर्णय गरेको छ। पत्रकारको दैनिक जीवनयापनमा समस्याका कारण पेशाबाटै पलायन हुनुपर्ने वाध्यात्मक अवस्था आउन नदिन महासंघले आपतकालीन राहत कोष स्थापना गर्ने पहलकदमी लिएको हो।




महासंघ केन्द्रीय समितिले ३० लाख रुपैया जम्मा गरेर सुरुआत गरेको कोषमा नेपाल पत्रकार महासंघका बेलायत, युरोप, जापान, युएई, कोरिया, कुवेत, भारत, कतार शाखा तथा नेपाल अमेरिका पत्रकार संघ नेजा र नेपालिज जर्नालिष्ट एशोसिएसन अष्टेलियाले एक महिनाभित्र सकेको रकम उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको महासंघका महासचिव रमेश विष्टले जानकारी दिए।

महासंघका प्रदेश र जिल्ला शाखा, एसोसिएट र प्रतिष्ठानको पहलमा समेत कोषमा रकम जम्मा गरिने उनले बताए। कोषमा जम्मा भएको रकम नमासिने गरी अक्षय कोषमा राखिने र त्यसको ब्याजबाट आपतकालीन समस्याबाट पीडित पत्रकारहरुलाई राहत उपलब्ध गराउने महासंघको भनाइ छ।

यस्तै कोष सञ्चालन निर्देशिका र मापदण्ड पनि तयार गर्ने बताउँदै महासंघले सहयोग गर्न चाहने संघ, संस्था र व्यक्तिहरुलाई नेपाल बंगलादेश बैंकको खाता नं ००१०७००३१५ उपलब्ध गराएको छ।

कोभिड १९ सक्रमणका कारण कतिपय पत्रकारले जागिर गुमाउनु परेको, बेतलवी बिदामा बस्नु परेको तथा नियमित पारिश्रमिक भुक्तानी हुन नसकेको जस्ता समस्या भोग्नु परेको अवस्थामा महासंघले यस्तो पहलकदमी लिएको हो।

यसैबीच श्रमजीवी पत्रकार नियमावलीको व्यवस्थाअनुसार सञ्चारमाध्यमले विज्ञापनको १० प्रतिशत रकमबाट पत्रकार कल्याणकोष स्थापना गर्नुपर्ने व्यवस्था भए पनि अहिलेसम्म कार्यान्वयन नभएकोमा महासंघले आपत्ति प्रकट गरेको छ।

### पिरलो ...

रहेको इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक नवराज न्यौपानेले बताए।

यो वर्षको मनुसन पछि आएको बाढीबाट पाँच जनाको मृत्यु भएको छ। ६ जना बेपत्ता छन् भने तीन जना घाइते भएका छन्। पहिरो पछाडि बढी मानवीय क्षति चट्याङबाट परेको छ। चट्याङबाट असार ३१ गतेसम्म ४७ जनाको मृत्यु भएको छ भने १६१ जना घाइते भएका छन्। अर्थात् मनसुन पछाडि आएको प्रकोपबाट १५१ जनाको मृत्यु, ४९ जना बेपत्ता र २४८ जना घाइते भएका छन्।

### संसदीय ...

भन्ने निश्चित भएको छैन। मन्त्री पोखरेल कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) को पनि संयोजक हुन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई भने छलफलका लागि बोलाइसकेको छ।

### समस्या....

भेटमा सहभागी नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव सरोज सिटौलाले राससलाई जानकारी दिनुभयो।

कार्यदलले यातायात क्षेत्रको विद्यमान समस्या समाधानका लागि सबै राजनीतिक दलका शीर्ष नेतालाई भेट्ने कार्यक्रमसमेत रहेको छ।

यता, साढे तीन महिनादेखि ठप्प सार्वजनिक सवारीसाधन खुल्न थालेका छन्। मयूर, संयुक्त यातायात, सुन्दर यातायातलगायले सेवा शुरु गरिसकेका छन् भने कतिपय खुलाउनका लागि आवश्यक तयारी गरिरहेका छन्। एक साता पहिले बसेको मन्त्रिपरिषद्को बैठकले सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने निर्णय गरेको एक सातापछि सार्वजनिक सवारीसाधन खुल्न लागेका हुन्।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले भने सार्वजनिक सवारीसाधन सञ्चालन गर्नु पहिले आवश्यक स्वास्थ्य सुरक्षाको तयारी नभएकाले ट्याक्सी र केही बस बाहेक अधिकांश सवारीसाधन सञ्चालन नभएको जनाएको छ। अहिले त्यस विषयमा सरकारसँग छलफल भइरहेको महासङ्घका महासचिव सरोज सिटौलाले बताए।

उनले भने, "छलफल सकारात्मक दिशामा छ, हामी सबै सवारीसाधन चलाउनुपर्छ भन्नेमा छौं।"

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र यातायात व्यवस्था विभागले पनि सार्वजनिक यातायात सञ्चालनका लागि व्यवसायी महासंघ र मजदूर संघठनसँगको छलफल अघि बढाइरहेको छ। सोमबार विभागका महानिर्देशक गोगनबहादुर हमालले व्यवसायी महासङ्घसँगै मजदूर सङ्गठनसँग छलफल गर्नुभएको थियो।

### वार्षिक....

तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले गत वर्ष मलेसियाको रोजगारी बन्द रहेको र चालु आर्थिक वर्षको ४ महिना कोरोना भाइरस (कोभिड-१९) का कारण विभागले नै श्रम स्वीकृति बन्द गरेको कारणसहित वैदेशिक रोजगारीमा एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्ने व्यवस्थाका लागि कानून मन्त्रालयको राय लिएर मन्त्रिपरिषद्मा बाधा अड्काउ फुकाउने प्रस्ताव लगेका थिए। प्रस्ताव मन्त्रिपरिषद्मा पेश भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीले वार्षिक एक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्न प्रवन्ध मिलाउन मुख्य सचिव लोकदर्शन रेग्मीलाई जिम्मा दिएका थिए।

कोरोना भाइरस संक्रमणपछि गत चैत १६ गते बसेको मन्त्रिपरिषद्को बैठकले लकडानउका कारण प्रभावित सबै पक्षलाई कर छुट तथा अन्य सहुलियत दिने निर्णय गर्दै वैदेशिक रोजगार ऐन २०६४ मा रहेको व्यवसायीहरुको ईजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने व्यवस्था संशोधन गर्ने निर्णय गरेको थियो। तर, श्रम मन्त्रालयले त्यस सम्बन्धी प्रस्ताव अघि बढाएको थिएन।

गत शुक्रबार प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले कोभिडलगायतका कारणले वार्षिक एक सय कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरणमा सहजीकरण गरिदिन सरकारलाई निर्देशन दिएको थियो।

त्यसपछि वैदेशिक रोजगार विभागले शुक्रबारदेखि एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नसेकेका म्यानपावर कम्पनीहरुको निवेदन लिन शुरु गरेको थियो। व्यवसायीहरुले दश हजार नवीकरण शुल्क बुझाएमा असार मसान्तसम्म र प्रत्येका महिना दश/दश हजार शुल्क तिरेर असोज मसान्तसम्म ईजाजतपत्र नवीकरण गराउन पाउँछन्।

### ४ लाख....

प्रधानमन्त्रीको कार्यालयसहित सरकारका विभिन्न निकायमा ध्यानाकर्षण गराएपनि महासंघका मागमा सम्बोधन नभएपछि व्यवसायीहरुले ६० प्रतिशतसम्मको चर्को व्याजमा ऋण लिएर धरौटी राख्न बाध्य भएको बताए।

व्यवसायीहरुले थप धरौटी वापत करिब ६ करोड र नवीकरण दस्तुर वापत १४ करोड ६० हजार बुझाएको भन्दै अध्यक्ष गौतमले विगत चार महिनादेखि लगातार भएको लकडाउनका कारण साना लगानीकर्ता व्यवसायीहरुको व्यवसाय बन्द भई घर भाडा, कर्मचारी खर्च तथा बैंकको किस्तासमेत व्यवस्थापन गर्न नसकेको अवस्थामा धरौटी वापत ठूलो रकम जुटाउनु व्यवसायीहरुका लागि हम्मेहम्मे परेको बताए। नेपालभर १ सय ५० वटा अभिमुखीकरण संस्था संचालनमा रहेका छन्। त्यसमध्ये ४ वटा संस्थाले यसपटक संस्था नवीकरण गराएनन्।

अध्यक्ष गौतमले ती संस्थाका संचालक सम्पर्कमासमेत नआएको बताए। वैदेशिक रोजगार नियमावलीले २०७७ असार मसान्तसम्म ५ लाख धरौटी राख्नुपर्ने अनिवार्य गर्दै एकै व्यक्ति तथा एकाघर सदस्यले एकै उद्देश्यको २ संस्था खोल्न नपाउने व्यवस्था गरेको छ। महासंघले यस विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागलगायतमा छलफल गर्ने अध्यक्ष गौतमले बताए।

वैदेशिक रोजगारमा जाने युवाहरुलाई सीपमूलक कार्यगत क्षमता अभिवृद्धि तथा जोखिम न्यूनिकरणको लागि सही सूचना प्रवाह गर्ने उद्देश्यले स्थापित शैक्षिक प्रकृतिका संस्थाहरुलाई सरकारले अनुदान र राहत दिनुपर्नेमा उल्टै धरौटी थप गर्न बाध्य पार्नु अन्यायपूर्ण रहेको पनि अध्यक्ष गौतमले बताए। यस विषयमा पटक-पटक मन्त्रालयको ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नहुनु थप चिन्ताको विषय भएको उनको भनाइ थियो।

### साउदीले...

विदामा नेपालमा आएका कामदारको पनि भिसाको म्याद आफैं थपिएको छ। नेपालमा रहँदा भिसाको म्याद समाप्त भए पनि हवाई उडान खुलेपछि उनीहरुले सोही भिसालाई प्रयोग गरी रोजगारीका लागि साउदी अरब जान पाउने छन्। भिसाको म्याद समाप्त भएकाहरुको हैसियत के हुने भन्ने सयौं नेपालीको चिन्ता साउदी सरकारको पछिल्लो निर्णयले समाप्त गरेको साउदी अरबका लागि नेपाली राजदूत महेन्द्रसिंह राजपुतले बताए।

# नवलपरासीमा अवैध सामान प्रहरीको नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ३१ असार

नवलपरासीको सीमावर्ती क्षेत्रबाट ८२ हजार ७ सय बराबरको अबैध मालसमान प्रहरीले नियन्त्रणमा लिएको छ। बुधवार बिहान प्रतापपुर गाउँपालिका वडा नं. ९ प्रतापपुर पुल नजिकै भारतबाट अबैधरुपमा ल्याउदै गरेको २७ हजार बराबरको लेडिज कपडा ईलाका प्रहरी कार्यालय बेलाटारीले नियन्त्रणमा लिएको हो।



यसैगरी पाल्हिनन्दन गाउँपालिका वडा नं. २ गोपालपुरमा नेपालबाट भारततर्फ अबैधरुपमा लैजादा गर्दा २६ हजार मुल्य बराबरको ७ बोरा मटर (केराउ) ईलाका प्रहरी कार्यालय अमानीगंजले नियन्त्रणमा लिएको हो।

यस्तै बुधबार दिउँसो पाल्हीनन्दन गाउँपालिका वडा नं. १ सिमावर्ती क्षेत्रबाट २० हजार बराबरको ५ बोरा मटर (केराउ) सीमा प्रहरी चौकीले नियन्त्रणमा लिएको हो।

साथै पाल्हिनन्दन गाउँपालिका वडा नं.५ चमनटोलाबाट भारतबाट अबैधरुपमा भंसार छली ल्याउदै गरेको ९ हजार ७ सय ५० रुपैयाँ बराबरको १५० किलो चिनी प्रहरी चौकी गेरमीले नियन्त्रमा लिएको जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमका सुचना अधिकारी राजु लामाले जानकारी दिए। बरामद गरिएको सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ।

# हराएको मोटरसाइकल सवारी धनीलाई बुझाइयो

**नवलपरासी/मस-** नवलपरासीमा हराएको मोटरसाइकल प्रहरीले फेला पारी सम्बन्धित सवारी धनीलाई बुझाएको छ। रुपन्देहीबाट करिब एक महिना अगाडी देवदह नगरपालिका वडा नं. ७ शितलनगर बस्ने चेतबहादुर रानाको परको कम्पाउण्ड भित्र रहेको लु ३६ प ८८८३ नम्बरको १८० सी.सी.को पल्सर मोटरसाइकल असार १ गते रातिदेखि हराएको थियो।



उक्त मोटरसाइकल प्रहरी गस्तीकोको क्रममा असार २५ गते बिहीबारको दिन सुनवल ( परासी सडक खण्ड अन्तर्गत सुनवल नगरपालिका वडा नं.९ स्वाठी नजिकै सडकको छेउमा बेवारिसे अवस्थामा फेला पारे पछि उक्त मोटरसाइकलको सम्पूर्ण विवरणको आधारमा सवारी धनीलाई बुझाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिमका सुचना अधिकारी राजु लामाले जानकारी दिए।

# सिलवालको सदस्यसचिवमा फेरि आवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

नयाँ खेलकुद ऐन कार्यान्वयनमा आएपछि राष्ट्रिय खेलकुद परिषद् राखेपको सदस्यसचिव पदमा नियुक्तिको प्रक्रिया अघि बढेको छ । असार १७ गते नयाँ ऐन कार्यान्वयनमा आएपछि तत्कालिन सदस्यसचिव रमेश कुमार सिलवालसहित अरु पदाधिकारी पनि पदमुक्त भएका थिए । अहिले अरु पदाधिकारी नियुक्तिको प्रक्रिया त अघि बढेको छैन । तर, दैनिक प्रसाशन सञ्चालनका लागि महत्वपूर्ण मानिएको पद सदस्यसचिवमा दरखास्त दिन आवह्वान गरिएको छ । उक्त मिति विहीबार कार्यालय समय सम्म रहेको छ । वुधबारसम्म ११ जनाले सदस्य सचिव पदका लागि दरखास्त दिएको मन्त्रालयका अधिकारीले जानकारी दिए ।

जसमा निवर्तमान सदस्य सचिव रमेश कुमार सिलवालले आवेदन दिएका छन् । सदस्य सचिवको रिक्त पदमा सिलवालले आवेदन दिएको छनोट प्रक्रियामा संलग्न एक अधिकारीले जानकारी दिए ।

मन्त्रालय स्रोतका अनुसार सदस्य सचिवमा बुधबारसम्म ११ जनाले उम्मेदवारी दिएका छन् । जसमा भलिबलका पूर्व कप्तान अन्जु श्रेष्ठ, पूर्व भलिबल खेलाडी निलम बज्राचार्य समेत रहेका छन् । उम्मेदवारले प्रस्तुत गरेको कार्ययोजनाको अध्ययन गर्दै सिफारिस समितिले एक महिला सहित तीन जनाको नाम खेलकुद मन्त्री समक्ष प्रस्ताव गर्नेछ । सोही सिफारिस नामावलीलाई खेलकुद मन्त्रीले मन्त्रीपरिषदबाट पास गराउनेछन् ।



मन्त्रालयले कार्यवाहक सदस्य सचिवमा भक्त बहादुर ढकाललाई नियुक्त गरेको थियो । यस्तै गत शुक्रबार मन्त्रालयले सदस्य सचिव नियुक्तिका लागि सिफारिस गर्न तीन सदस्यीय समिति गठन गर्दै दरखास्त आह्वान गरेको थियो ।

मन्त्रालयको सचिव रामप्रसाद थपलिया संयोजक रहेको समितिमा पूर्व बोर्ड सदस्य ईन्दिरा निरौला र पूर्व कर्मचारी रिम रानाभाटलाई विज्ञको रुपमा सदस्य नियुक्त गरिएको थियो ।

दरखास्त आह्वान गर्दै मन्त्रालयले योग्यता पुगेका उम्मेदवारले सात दिन भित्र निवेदन पेश गरिसक्नु पर्ने समेत बताएको थियो ।

समितिले आवेदन दिएका मध्येको अध्ययन गरि कम्तिमा एक महिला सहित सम्भावित तीन जनाको नाम मन्त्रालयमा सिफारिस गर्नेछ । बैठकले निर्णय गरेका तीन जनाको नामलाई मन्त्रालयले मन्त्रीपरिषदमा सिफारिस गर्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

खेलकुद विकास ऐन कार्यान्वयनमा आएसंगै पहिलो पटक खुल्ला प्रतिस्पर्धाबाट सदस्य सचिव छनोट गर्न लागिएको हो । यसअघि खेलकुद मन्त्रीले ईच्छाएको ब्यक्तिलाई सिधै सदस्य सचिव नियुक्ति गर्न मिल्ने ब्यवस्था रहेको थियो ।

# पूर्व खेलाडी दीपाको सहयोग



**काठमाडौं, मस–** पूर्व बक्सिङ खेलाडी दीपा क्षेत्रीले मृगौला रोगबाट पीडित शिक्षक खुशबहादुर थापालाई आर्थिक सहयोग उपलब्ध गराएकी छन् ।

केहि वर्षयता मकाउमा कार्यरत दीपाले लालबजार निवासी थापालाई ४० हजार रुपैयाँ सहयोग गरेकी हुन् । थापालाई दीपाका भाइ रवि महर्जनले लालबजार स्थित उनकै निवासमा पुगेर रकम हस्तान्तरण गरे । श्री जनता उमाविमा कार्यरत ६६ वर्षीय थापाको दुवै मृगौला फेल भएको बताइएको छ ।

# वीरमानका परिवारलाई आर्थिक सहयोग



**काठमाडौं, मस-** उसुका अन्तर र्ाष्ट्रिय खेलाडी स्वर्गीय वीरमान वाइवाको परिवारलाई आर्थिक सहयोग गरिएको छ । नेपाल उसु महासंघका पदाधिकारीबाट संकलित रकम बुधबार काभ्रेमै पुगेर वीरमानका परिवारलाई हस्तान्तरण गरिएको हो ।

महासंघका पदाधिकारीबाट संकलित ८० हजार रुपैयाँ बुधबार आयोजित कार्यक्रममा नेपाल उसु महासंघका अध्यक्ष वीरबहादुर लामा र महासचिव लाक्पा शेर्पाले स्वर्गीय वाइवाका परिवारलाई हस्तान्तरण गरेका थिए ।

संकलित रकम हस्तान्तरण गर्दै अध्यक्ष शेर्पाले अहिलेको असहज परिस्थितिमा पनि वीरमानले नेपाली खेलकुदमा पुऱ्याएको योगदानको उच्च सम्मान गर्दै सबै पदाधिकारी मिलेर सानो सहयोग गरेको बताए । उनले वीरमानको निधनबाट नेपालली खेलकुदले निकै प्रतिभावान खेलाडी गुमाएको बताए ।

स्वर्गीय वाइवाका दाजु किसन वाइवाले विषम परिस्थितिमा पनि महासंघले भाइको योगदानप्रति सम्मान गरेकोमा धन्यवाद व्यक्त गरे । उनले वीरमानको स्मृतिमा प्रतिष्ठान गठन गरिने जानकारी पनि दिए ।

# एन्फाको वेभसाइट रि लञ्च



**काठमाडौं, मस-** अखिल नेपाल फुटबल संघ (एन्फा) ले समय सापेक्ष बनाउँदै वेबसाइट रि-लञ्च गरेको छ । बुधबार एन्फाले कार्यक्रम आयोजना गरी वेबसाइटको रि-लञ्च गरेको हो ।

एन्फाले आफ्ना गतिविधि अब साइटमा राख्ने प्रतिबद्धतासहित लन्च गरेको बताएको छ । सूचना आयोगका अध्यक्ष महेन्द्रमान गुरुङले किबोर्ड थिच्दै साइट लन्च गरेका हुन् ।

अध्यक्ष गुरूङसँगै एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पा, मानार्थ अध्यक्ष टाँसी घले, एन्फा महासचिव इन्दमान तुलाधरसहित एन्फाका पदाधिकारीहरु उपस्थित थिए । एन्फाले यो सहित चारपटक साइटलाई नयाँ रुप दिइसकेको छ ।

नयाँ साइट बनाइएसँगै एन्फाले सूचना, विधानहरु, कार्यसमिति, जिल्ला सदस्यहरु देखि राष्ट्रिय टीमबारे पनि साइटमा राखिने एन्फाले बताएको छ । ए, बी, सी डिभिजन लिग र मोफसलका प्रतियोगिताहरुबारे पनि सूचना आफ्नो साइटमा फरक(फरक क्याटागोरीमा स्पष्ट बुझ्ने गरी राखिएको बताएको छ ।

एन्फा साइट रि लन्च गरेकोमा फिफा र एएफसीका अध्यक्षले शुभकामना दिएका छन् । फिफा अध्यक्ष जियानी इन्फान्टिन्हो ले शुभकामना दिँदै आगामी दिनमा राम्रो हुनेमा विश्वास व्यक्त गरेका छन् ।

# ४८ पूर्व खेलाडी सम्मानित



**काठमाडौं, मस-** फुटबलर्स मिसन टुगेदरले पूर्व खेलाडीलाई सम्मान गरेको छ । जसमा सो मिसनले ४८ खेलाडीलाई एक कार्यक्रमको आयोजना गरेर सम्मान गरेको हो । जसमा २० महिला र २८ पुरुष खेलाडी रहेका छन् ।

मिसनले १९८३ पछि २०१० सम्म नेपालबाट खेल्ने महिला खेलाडीलाई सम्मान गरेको हो । उसले आफ्नो दोस्रो बार्षिक उत्सवको अवसरका बेला त्यति धेरै खेलाडीलाई सम्मान गरेको हो । तर सो कार्यक्रममा सबैको उपस्थिती भने रहेको थिएन ।

सम्मानित हुनेहरुमा पुरुषमा गोपाल श्रेष्ठ, किरण राई, बिदुर बिष्ट, गणेश थापा, कृष्ण बहादुर थापा,श्रीराम रंजितकार, धिरेन्द्र कुमार प्रधान, भक्तराज कर्णिकार,मान बहादुर मल्ल, विनय श्रेष्ठ, भिक्टर राणा, अजय मानन्धर, लोक बहादुर शाही, राम दर्शन गुरुङ, नरेन्द्र श्रेष्ठ, मोहन शाही, दिपक हर्ष बज्राचार्य, पुनम थापा, जीवन श्रेष्ठ, रजतमान तुलाधर,वरुण मानन्धर, कृष्ण आले, डम्बर सिंह गुरुङ, दिनेश थापा, राजुकाजी शाक्य, यम बहादुर घले, सुरेश बस्नेत र राजेश मानन्धर छन् ।

महिलातर्फ सजना राना मगर, मिरा महर्जन,विनिता श्रेष्ठ, दिपा क्षेत्री, जमुना गुरुङ, चन्दा भण्डारी, प्रमिला राई, भगवती थापा,अनु लामा, अस्मिता खवास, सपना लामा,नमिता दाहाल,उषा भण्डार ी,लक्ष्मी पौडेल,मनमाया मगर, दिपा अधिकारी, निरु थापा, रन्जना दर्जी, निशा देवान र तुलाषा सिंह रहेकी छिन् ।

# विष्ट, वैद्य र सिंहले दिए राजीनामा



**काठमाडौं, मस-** नयाँ खेलकुद विकास ऐन कार्यान्वयनमा आएसँगै दोहोरो भूमिकामा रहेका खेलकुदका कर्मचारीहरले राजीनामा दिन थालेका छन् । अहिलेसम्म संघमा र राखेपमा कार्यरत भइ दोहोरो जिम्मेवारीमा रहेकाहरुले नयाँ ऐन अनुसार एक ठाउँबाट राजीनामा दिनुपर्ने प्रावधान रहेको छ । सोही प्रावधान अनुसार अधिकांसले खेलसंघबाट राजीनामा दिएर कर्मचारीमै रहने निर्णय गरेका छन् । तर, फुटबल प्रशिक्षक पदमा कार्यरत उपेन्द्रमान सिंहले भने संघमै बस्ने भन्दै परिषद्मा राजीनमा दिएका छन् ।

तेक्वान्दोका दीपक विष्ट र संगीना वैद्य तथा राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान उपेन्द्रमान सिंहले बुधबार राजिनामा दिएका हुन् । दीपकले नेपाल तेक्वान्दो संघको सचिव र प्रवक्ता तथा संगीनाले तेक्वान्दो संघकै सदस्य पदबाट राजिनामा दिएको विष्टले जनाएका छन् । दुवै राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा तेक्वान्दो प्रशिक्षकका रुपमा कार्यरत छन् ।

राखेपअन्तर्गत नै फुटबल सहायक प्रशिक्षक सिंहले भने सहायक प्रशिक्षकबाट राजिनामा दिएका हुन् । तीनैले सम्बन्धित संघमा राजिनामा बुझाएको र त्यसको बोधार्थ राखेपलाई दिएका छन् ।

हालै लागू भएको राष्ट्रिय खेलकुद विकास ऐन- २०७७ मा राखेपका कर्मचारी कुनैपनि संघमा बस्न नपाउने प्रावधान भएकाले अधिकांशले संघबाट राजिनामा दिइ रहेका छन् ।

# राईलाई आर्थिक सहयोग



**काठमाडौं, मस–**सल्यान जिल्ला खेलकुद विकास समिति एथलेटिक्स सहायक प्रशिक्षक रविनकुमार राईलाई स्वास्थ्य उपचारका लागि आर्थिक सहयोग प्रदान गरिएको छ । नेपाल एथलेटिक्स संघले राईलाई ६० हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको हो । ३० हजार नगद र बाँकी रकम बराबरको चेक राईलाई हस्तान्तरण गरिएको थियो । संघको तर्फबाट सचिव आरके विष्टले राईलाई रकम हस्तान्तरण गरे । राई हाल भक्तपुरको ताथलीस्थित क्यान्सर अस्पतालमा उपचाररत छन् ।

# अशोक उत्कृष्ट निर्णायक



**काठमाडौं, मस–** नेपालका अन्तरराष्ट्रिय निर्णायक अशोक खड्का प्रथम मलेसियन ओपन अन्तरराष्ट्रिय स्पोर्ट्स च्यालेन्ज कपमा उत्कृष्ट निर्णायक घोषित भएका छन् । उक्त प्रतियोगितामा नेपालसहित भारत, मलेसिया, इन्डोनेसिया र रोमानियाका निर्णायक सहभागी थिए ।

प्रतियोगितामा तेक्वान्दोको पुम्से विधातर्फ सहभागी नेपालका आठ खेलाडीले पदक प्राप्त गरेका छन् । नेपालले एक स्वर्ण, चार रजत र तीन कास्य पदक प्राप्त गरेको हो । मधुसूदन सापकोटाले स्वर्ण जितेका हुन् ।

उनले ४० वर्षमाथि उमेर समूहमा स्वर्ण जितेको नेप्लिज तेक्वान्दो एकेडेमी (एनटिए) का अध्यक्षसमेत रहेका खड्काले बताए । यस्तै नेपालकी प्रगति कुइँकेलले १३-१४ उमेर समूह तथा आयुश बोहराले १५-१७ उमेर समूहतर्फ रजत जित्नुभयो । यसैगरी १०-१२ उमेर समूहमा भिजन तामाङ र यु-९ तर्फ प्रवीण श्रेष्ठले कास्य जितिन् ।

यसैगरी १८-३९ उमेर समूहमा पुष्पप्रसाद गौतम र चन्दु शाहीले रजत जितेको थियो । महिला १५-१७ उमेर समूहमा अस्मिता नगरकोटीले कास्य जिते । मङ्गलबार सम्पन्न प्रतियोगितामा १२ देशका ३७५ खेलाडीको सहभागिता थियो ।

# अफगानिस्तानका पाँच स्थानबाट अमेरिकी सेना फिर्ता



**काठमाडौं,एएनआई-**अमेरिकाले अफगानिस्तानबाट त्यहाँका करिब पाँच वटा सैनिक क्याम्पबाट सेना फिर्ता गरेको जनाएको छ । यही सन् २०२० को फेब्रुअरीमा अमेरिका र तालिबानबीच वार्ता गर्ने सहमति भएको थियो । सो सहमतिबमोजिम अमेरिकाले हजारौं सैनिक फिर्ता गर्ने भनिएको थियो ।

तालिबानको उक्त प्रस्तावमा सहमति जनाउँदै तालिबानसँग शान्ति सम्झौता गरेको अमेरिकाले अफगानिस्तानका विभिन्न पाँच वटा सैनिक क्याम्पबाट सेना फिर्ता गरेको जनाएको हो ।

उक्त सम्झौतासँगै १८ वर्ष लामो द्वन्द्व अन्त्य हुने र अफगानिस्तान शान्तितर्फ उन्मुख हुने अपेक्षा गरिएको थियो ।

सो सम्झौतामा अमेरिकाले अफगानिस्तानबाट सेना फिर्ता गर्ने र तालिबानहरुका थुनुवाहरु पनि अफगानिस्तानको सरकारले रिहा गर्नुपर्ने भनिएको थियो । सम्झौताअनुसार तालिबानले आफ्नो प्रतिवद्धताहरु पालना गर्नुपर्ने र अमेरिका र नेटोका साझेदारहरुले १४ महिनाभित्र आफ्ना सबै सेना अफगानिस्तानबाट फिर्ता गर्नुपर्ने बताइएको थियो ।

अमेरिकाले यहाँ रहेका सेनालाई आठ हजारको हाराहारीमा ल्याउनुपर्ने शर्त सो शान्ति सम्झौताका क्रममा राखिएको थियो । त्यसैबमोजिम अफगानिस्तानबाट सेना फिर्ता गराइएको अमेरिकी रक्षा मन्त्रालयले मंगलबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

तालिबानले पनि आफ्नो नियन्त्रणमा रहेको भूभागमा अलकायदा र अरु अतिवादी समूहलाई सक्रिय हुन नदिने सो सम्झौतामा उल्लेख गरिएको थियो । अफगानिस्तानको सरकारसँग औपचारिक वार्ता गर्न अस्वीकार गर्दै आएको तालिबानका नेताहरुले गत फेब्रुअरीमा कतारमा अमेरिकासँग यस्तो सम्झौता गरेका थिए ।

अमेरिका र तालिबानबीच कतारमा गत फेब्रुअरी २९ मा सहमति भएको थियो । सो सहमतिको १३५ दिनपछि मंगलबार अमेरिकाले अफगानिस्तानबाट सेना फिर्ता गरेको जानकारी दिएको हो ।

# जापानको अर्थतन्त्र अर्को वर्ष ४.७ प्रतिशत खुम्चिने

**टोकियो, एएफपी-**जापानको केन्द्रीय बैंकले आगामी वर्ष सन् २०२१ को मार्चसम्ममा जापानको अर्थतन्त्र करिब ४.७ प्रतिशतले खुम्चने जनाएको छ । बैंकले सन् २०२२ मा अर्थतन्त्रमा सुधार भए पनि गहिरो अनिश्चितता कायम रहने पूर्वानुमान गरेको छ ।

जापानका नीति निर्माताले अर्थतन्त्रमा ५.७ देखि ४.५ प्रतिशतसम्म गिरावट आउने बताउँदै आएका थिए ।

जापानको केन्द्रीय बैंकले कोरोनाभाइरसको दोस्रो लहर आउने खतरा रहेकाले अहिल्यै पूर्वानुमान गर्न कठिन रहेको पनि जनाएको छ । बैंक अफ जापानले बुधबार जारी गरेको विज्ञप्तीमा भनिएको छ, "जापानको अर्थतन्त्र यस वर्षको मध्यपछि सुधार हुन सक्ने देखिएको छ, तर कोरोनाभाइरस नियन्त्रणमा नआए आर्थिक वृद्धिको दर सामान्य मात्र हुनेछ ।" बैंकले विश्व अर्थतन्त्र निरन्तर सुधारको क्रममा हुने अपेक्षा गरिएको बताउँदै जापानको कूल गार्हस्थ्य उत्पादन ३.३ प्रतिशत मात्र हुने जनाएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/०५/११ मा दर्ता भएको **प्रा.लि. नं. २६०१८** को **के. के. फेमिली किचन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/०४/२७ मा दर्ता भएको **प्रा.लि. नं. १५३७८६** को **ज्ञानेश्वरी निर्माण सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**हुलाक सेवा विभाग**
**गोश्वारा हुलाक कार्यालय**
डिल्लिबजार, काठमाडौं

**हुलाक वस्तुहरु लिलाम सम्वन्धी शिलवन्दी वोलपत्र आब्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७७/०४/०१**

यस कार्यालय अन्तर्गत शाखाहरुमा आन्तरिक तथा वाहय रुपमा प्राप्त भएका हुलाक वस्तुहरु विभिन्न कारणहरुवाट डेलिभरीहुन नसकि लिलाम विक्रि गर्नु पर्ने भएकाले इच्छुक व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रमाणित फोटोकपी र फर्म, कम्पनी वा संस्थाको हकमा फर्म, कम्पनी वा संस्था दर्ता प्रमाण पत्र मध्येबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रु १० को टिकट टाँसी रु. १००० (फिर्ता नहुने) जम्मा गरी रीतपुर्बकको वोलपत्र खरिद गरी नियमानुसार शिलवन्दी वोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । बोलपत्र २२औं दिनको १२:०० बजे सम्म बुझाई सक्नु पर्ने र सोही दिन २:०० बजे खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम गर्ने सम्पूर्ण सामानहरुको जम्मा न्युनतम मूल्य रु. ३२९४२०।- र त्यसमा नियमानुसारको मूल्य अभिवृद्धि कर १३% ले हुन आउने रकम रु.४२८२४/६० जोडी जम्मा रु ३७२२४४/६० कायम गरिएको छ ।

साथै सूचनाको विस्तृत जानकारीको लागि कार्यालयको website www.gpo.gov.np मा हेर्न सकिनेछ ।

## महालेखापरीक्षकको प्रतिवेदन

# ९७ प्रतिशत बेरूजु मुख्य दश मन्त्रालयमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ असार

महालेखापरीक्षकको ५७ औं प्रतिवेदनले आर्थिक वर्ष २०७५/०७६ को कुल बेरुजु मध्ये ९७ प्रतिशत बेरुजु मुख्य दश मन्त्रालयको भएको देखाएको छ । बुधबार राष्ट्रपति विद्यादेवि भण्डारीसमक्ष पेश भएको उक्त प्रतिवेदनमा आर्थिक वर्ष २०७५/०७६ मा मात्रै कुल बेरुजु रकम १ खर्ब ३२ अर्ब ९९ करोड ५९ लाख रुपैयाँ रहेको उल्लेख छ। जसमध्ये ९७ प्रतिशत बेरुजु मुख्य दश मन्त्रालयको रहेको छ ।



महालेखापरीक्षक कार्यालयका नायब महालेखापरीक्षक महेश्वर काफ्लेले आर्थिक वर्ष २०७५/०७६ मा निष्किएको कुल बेरुजु रकममध्ये ९७ प्रतिशत बेरुजु मुख्य दश मन्त्रालयमा रहेको बताए । जसमध्ये सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयको रहेको उनले बताए । अर्थ मन्त्रालयको १९ अर्ब ६ करोड ६८ लाख रुपैयाँ बेरुजु रहेको छ।

त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १४ अर्ब रुपैयाँ, रक्षा मन्त्रालयको ९ अर्ब रुपैयाँ, प्रधानमन्त्री कार्यालयको ४ अर्ब रुपैयाँ, खानेपानी मन्त्रालयको ४ अर्ब २८ करोड रुपैयाँ सहरी विकास मन्त्रालयको ३ अर्ब ३४ करोड रुपैयाँ, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको २ अर्ब ९५ करोड रुपैयाँ, भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २ अर्ब ६३ करोड रुपैयाँ, उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको २ अर्ब १४ करोड रुपैयाँ र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १ अर्ब ३८ करोड रुपैयाँ बेरुजु देखिएको छ। यसबाहेक अन्य मन्त्रालयहरुको कुल बेरुजु ६ अर्ब ५४ करोड ६० लाख रुपैयाँ देखिएको छ । आर्थिक वर्ष २०७५/०७६ सम्मको कुल बेरुजु रकम भने ६ खर्ब ६४ अर्ब ४४ करोड रुपैयाँ रहेको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा भन्दा आर्थिक वर्ष २०७५/०७६ मा कुल बेरुजु रकम घटेको देखिन्छ । नायब महालेखापरीक्षक काफ्लेले आर्थिक वर्ष २०७४/०७५ मा सरकारी निकायहरुको कुल २० खर्ब ८ अर्ब ८४ करोडको लेखापरीक्षण भएकोमा १ खर्ब ६ अर्ब ३४ करोड रुपैयाँ बेरुजु देखिएको र आर्थिक वर्ष २०७५/०७६ मा कुल १७ खर्ब ५६ अर्ब ४ कारोडको लेखापरीक्षण हुँदा बेरुजु रकम ७१ अर्ब ६ करोड भएको बताए। आर्थिक वर्ष २०७४/०७५ मा लेखापरीक्षण भएको रकमको ५ दशमलव २९ प्रतिशत बेरुजु देखिएकोमा आर्थिक वर्ष २०७५/०७६मा लेखापरीक्षण रकमको ४ दशमलव शुन्य ५ प्रतिशत बेरुजु देखिएको काफ्लेले बताए । उनले सबैभन्दा धेरै बेरुजु सार्वजनिक खरिद र आयोजना व्यवस्थापनमा देखिएको बताए ।

महालेखापरीक्षकको कार्यालयले आर्थिक वर्ष २०७५/०७६ मा कुल ५ हाजर ६ सय १९ निकायको ५१ खर्ब ७१ अर्ब ६४ करोड बराबरको लेखापरीक्षण सम्पन्न गरेको हो । जसमध्ये संघीय मन्त्रालय तथा निकायतर्फ ३ हजार १ सय २० कार्यालयहरु, जिल्ला समन्वय समिति ७७, प्रदेश मन्त्रालयको १ हजार कार्यालय मध्ये ९ सय ९८ कार्यालय र स्थानीय तह ७ सय ५३ तह मध्ये ७ सय ४३ तहको लेखा परीक्षण भएको छ। त्यस्तै ४ वटा स्थानीय तहले बक्यौता लेखापरीक्षण गराएका छन् । यस्तै समिति तथा अन्य संस्थाहरु ५ सय ७७, संगठीत संस्था ९३ निकायको वित्तीय लेखा परीक्षण भएको महालेखापरीक्षकको कार्यालयको ५७ औं प्रतिवेदनमा उल्लेख छ ।

# लकडाउनले काम रोकिएका आयोजनालाई म्याद थप

**काठमाडौं/मस-** सरकारले लकडाउन अवधिमा खरिद सम्झौता भएका र सोही अवधिमा निर्धारित निर्माणको म्याद सकिएका आयोजनाहरुको म्याद ६ महिनासम्म थप गर्ने निर्णय गरेको छ। गएको सोमबारको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो ।



लकडाउनको अवधिमा म्याद सकिएका र नियमित काम भइरहेका आयोजनाहरूलाई बढीमा ६ महिना थप समय दिने निर्णय भएको र सोको जानकारी आएको नेपाल निर्माण व्यवसायी महासंघले विज्ञप्तिमार्फत जनाएको छ।

महासंघका अनुसार सरकारलाई थप आर्थिक दायित्व सिर्जना नहुनेगरी सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक र परामर्शदाताको सिफारिसका आधारमा खरिद सम्झौता गर्ने अधिकारीले म्याद थपको निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । सो निर्णय भएसँगै लकडाउनका कारण अन्तिम समयमा काम हुन नसकेर अलपत्र भएका आयोजनाका ठेकेदारले राहत पाउनेछन् ।

सरकारले चैत ११ मा लकडाउन गरेपनि ठूला आयोजनालाई लकडाउनको केही समयपछि नै स्वास्थ्य सतर्कता अपनाएर काम गर्ने सक्ने व्यवस्था गरेको थियो। तर कामदार तथा निर्माण सामग्रीको अभावलगायतका कारण काम भने साविक अवस्थामा हुन सकेको छैन ।

# ईजिलिंक रेमिट्यान्स नेपाल क्लियरिङ हाउसमा आबद्ध

**काठमाडौं/मस-** ईजीलिंक रेमिटेन्स प्रा.लि. नेपाल क्लियरिङ्ग हाउसमा आबद्ध भएको छ। नेशनल पेमेन्ट्स इन्टरफेस (एनपिआइ) को प्रयोग गरेर रेमिटेन्स कारोबारहरु सिधै लाभग्राहीको बैंक खातामा जम्मा हुने गरी सुविधा दिन अप्रत्यक्ष सदस्यको रुपमा आबद्ध भएको हो ।

यो व्यवस्थासँगै ईजीलिंक रेमिटेन्सका भुक्तानीका कारोबारहरु कनेक्टआइपिएस इ-पेमेन्ट प्रणाली मार्फत रियल टाइममा तुरुन्तै भुक्तानी गर्न सकिन्छ। अन्तर बैंक विद्युतीय भुक्तानी प्रणाली एनसिएचएल आइपिएस मार्फत तोकिएको समय सीमामा समेत भुक्तानी कारोबारहरु गर्न सकिनेछ। यस साझेदारीले बैंक खातामा आधारित रेमिट्यान्सका लागि ईजीलिंकको सेवा प्रवाहमा उल्लेख्य सुधार ल्याउने अपेक्षा गरिएको छ।

# ६ अर्ब बिगो मागसहित कर छलीको मुद्दा दायर

**काठमाडौं/मस-** राजस्व अनुसन्धान विभागले बुधबार एकैदिन ६ अर्ब ६० करोड रुपैयाँ बराबर राजस्व छली गर्नेलाई उत्ति नै रकम बिगो मागसहित उच्च अदातल पाटनमा ४ वटा मुद्दा दर्ता गरेको छ । भन्सार, मूअ कर र आयकर राजस्व चुहावटको कसुरमा विभिन्न १६ फर्मविरुद्ध मुद्दा दायर गरिएको राजस्व अनुसन्धान विभागले जनाएको छ ।




विभागका अनुसार सोह्रखुट्टे, सानेपाका व्यापारीविरुद्ध मुद्दा हालिएको हो । पाटन अदालतमा दायर मुद्दामा बिगो असुलीसहित कैदको पनि माग गरिएको छ । सोह्रखुट्टेमा सञ्चालनमा रहेको हाइटेक इन्टरनेसनलको सञ्चालक समेत २ जनालाई राजस्व चुहावट गरेको अभियोगमा २ अर्ब ४२ करोड ९८ लाख रुपैयाँ बिगो कायम गरी जरिवाना र कैद सजाय समेतको माग गरिएको छ । बुधबार दर्ता गरिएका दुई मुद्दा विद्युतीय सामग्री कारोबार गर्ने हुन् ।

सोह्रखुट्टेको हाइटेक इन्टरनेसनलले मेमोरी कार्ड, पेन ड्राइभ लगायत विद्युतीय सामग्री कर छली गरेर बेचेको पाइएको छ। विभागका अनुसार हाइटेक इन्टरनेसनलले आयातका क्रममा मालवस्तु घोषणा नै नगरेको पाइएको हो । सो फर्मले कारोबारका क्रममा केही मालवस्तुको मात्र आधिकारिक बिल जारी गरेको छ ।

हाइटेक इन्टरनेसनलले १ अर्ब ७१ करोड ५६ लाख २८ हजार रुपैयाँ भन्सार छलेको विभागको आरोप छ। यसैगरी ५९ करोड २८ लाख १३ हजार मूअ कर र १२ करोड १४ लाख ३४ हजार आयकर तथा लाभांश कर छलेको आरोप लगाइएको छ । विभागले कम्पनीका सञ्चालक तथा कर्मचारीलाई कारबाही गर्न माग पनि गरेको छ ।

बुधबारै सानेपामा सञ्चालनमा रहेका जेएसएस मोबाइल एन्ड सर्भिसेज र श्री श्याम बाबा इन्टरप्राइजेजका सञ्चालक तथा मुख्य कारोबारी समेत ४ जनालाई राजस्व चुहावट गरेको अभियोगमा १ अर्ब ३९ करोड ७ लाख रुपैयाँ बिगो कायम गरी पाटनस्थिति उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको छ ।

दुवै फर्मले भन्सार नै नतिरी अवैध रुपमा मेमोरी कार्ड, पेन ड्राइभ लगायतका इलेक्ट्रोनिक्स सामान आयात गरेको पाइएको छ। दुवै फर्मको कारोबारसम्बन्धी खाता, लेजर, नगदी रसिद ल्यापटप, हार्ड डिस्क लगायतका अन्य कागजात अध्ययन गर्दा कर प्रयोजनमा पेस गर्ने छुट्टै र आन्तरिक लेखा तथा खाता छुट्टै राखेको पाइएको छ ।


दुई फर्मविरुद्ध १ अर्ब दुवै फर्मले भन्सार नै नतिरी अवैध रुपमा मेमोरी कार्ड, पेन ड्राइभ लगायतका इलेक्ट्रोनिक्स सामान आयात गरेको पाइएको छ । दुवै फर्मको कारोबारसम्बन्धी खाता, लेजर, नगदी रसिद ल्यापटप, हार्ड डिस्क लगायतका अन्य कागजात अध्ययन गर्दा कर प्रयोजनमा पेस गर्ने छुट्टै र आन्तरिक लेखा तथा खाता छुट्टै राखेको पाइएको छ ।

दुई फर्मविरुद्ध १ अर्ब १ करोड ९८ लाख २३ हजार रुपैयाँ भन्सार, ३२ करोड २४ लाख ६३ हजार मूअ कर र ४ अर्ब ८५ करोड १५ लाख रुपैयाँ आयकर तथा लाभांश कर चुहावट गरेको आरोप लागेको छ ।

१ अर्ब १ करोड ९८ लाख २३ हजार रुपैयाँ भन्सार, ३२ करोड २४ लाख ६३ हजार मूअ कर र ४ अर्ब ८५ करोड १५ लाख रुपैयाँ आयकर तथा लाभांश कर चुहावट गरेको आरोप लागेको छ । यसैगरी झुटो मूअ कर बिल जारी गरी राजस्व छली गर्ने माँ वैष्णो ट्रेड कन्सर्नसहित ९ वटा फर्मका सञ्चालक, प्रोप्राइटर र मुख्य कारोबारीसमेत १९ जनाले २ अर्ब १६ करोड ६५ लाख ४९ हजार रुपैयाँ राजस्व चुहावट गरेको पाइएको छ ।

२ अर्बभन्दा बढी राजस्व छल्नेहरु राजाराम महतो, जयकिशोर साह, सुरेश ठाकुर, पिकींकुमारी पण्डित, राजकुमार राउत कुर्मी, लक्ष्मी महतो धानुक, कृष्णलाल महतो, सुरेश महरा, राजेशकुमार कलवार, रुस्तम देवान, अमितकुमार श्रीवास्तव, रामइश्वर महतो, परमेश्वर साह, मुकेशकुमार झा, राजाराम महतो सुढी, उर्मिला कुमारी, नसिबकुमार झा, मुहम्मद नास्रुद्दिन आलम र नीलकण्ठ श्रेष्ठ हुन् ।

यसैगरी झुटो बिल लिई राजस्व छली गर्ने जयमाताजी इन्टर प्राइजेज समेतका ४ वटा फर्मका सञ्चालक तथा प्रोप्राइटरहरु समेत ३ जनाले ६१ करोड, ५४ लाख, २२ हजार रूपैयाँ राजस्व छली गरेको आरोप राजस्व अनुसन्धान विभागको छ । उनीहरूले पनि वस्तु तथा सेवा खरिद नै मूअ कर बिल लिएका हुन्। विभागले बाबुनन चौधरी कलवार, रोशनकुमार चौधरी र राज चौधरीविरूद्ध मुद्दा हालेको हो ।




मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# साझा यातायात आजबाट सञ्चालन हुने

**काठमाडौं/मस-** सरकारी लगानीको साझा यातायातले बिहीबार (आज)बाट बस सेवा शुरु गर्ने भएको छ। साझाले २६ वटा बसमार्फत् काठमाडौंका अधिकांश रुटमा सेवा शुरु गर्न लागिएको हो। पहिलो दिन सरकारले तोकेअनुसार नै सिटभन्दा आधा यात्रु राखेर बस सञ्चालन गर्न लागिएको साझाका व्यवस्थापक महेन्द्र पाण्डेले बताए।

बसका कर्मचारी र यात्रु दुवैले आवश्यक सुरक्षाप्रति सर्तक हुने गरी बस सञ्चालन गर्न लागिएको छ। उनका अनुसार यात्रुले साझाका बसमा चढ्दा मास्क लगाउने, सेनेटाइजरको प्रयोग गर्ने र सामाजिक दुरी कायम गर्नेसँगै खुद्रा पैसा बोकर मात्रै बसमा यात्रा गर्नुपर्छ। उनले भने, 'बसका कर्मचारीले पनि मास्क, पञ्जा र सेनेटाइजरको व्यवस्था गरिएको छ।'

पहिलेकै रुटमा सामान्य अवस्थाभन्दा कम बसबाट सेवा शुरु गर्न लागिएको साझाले जनाएको छ। पहिले थोरै बसबाट शुरु गरिएमा आवश्यकतानुसार थप गर्दै जाने व्यवस्थापक पाण्डेले बताए। सरकारले तोकेअनुसार नै भाडा लिइनेछ। मन्त्रिपरिषद्को बैठकले सार्वजनिक यातायात सञ्चालनको निर्णय गरेपछि पनि यातायातले बसको मर्मतलगायतका तयारीका काम गरिरहेको थियो। यातायात व्यवस्था विभागले औपचारिक रुपमा पत्र नदिएकाले सेवा शुरु गर्न नसकेकामा पत्र प्राप्त भएसँगै शुरु गरिएको हो। उनले भने, 'आगामी दिनमा आवश्यकतानुसार सेवा विस्तार हुनेछ।'

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**